# मधेशी आयोग

ज्वागल, ललितपुर

पत्र संख्याः २०८२/८३
चलानी नं. :

फोन नंः ०१-५२६९१८५
टोल फ्रि नंः १६६००११६१८५

मधेशी आयोग
ज्वागल, ललितपुर

मितिः २०८२।०९।२२ गते

## प्रेस विज्ञप्ति

माघ महिनाको कृष्ण पक्षको चतुर्थी तिथिमा मनाइने सकट चौथ हिन्दू धर्मको एक महत्त्वपूर्ण व्रत–पर्व हो, जुन भगवान गणेशजीलाई समर्पित छ। धार्मिक मान्यताअनुसार यस दिन गणेशजीको विधिपूर्वक पूजा– आराधना गर्दा जीवनका संकट, बाधा तथा दुःख– कष्टहरू निवारण हुने विश्वास गरिन्छ। विशेष गरी अवधी समुदायमा यो व्रत सन्तानको दीर्घायु, उत्तम स्वास्थ्य तथा सुख–समृद्धिको कामनासहित गरिन्छ। यस अवसरमा व्रतालुहरूले दिनभरि निर्जल व्रत बस्ने परम्परा रहेको छ र साँझ चन्द्रमा उदाएपछि (चन्द्रोदय पश्चात्) मात्र व्रत सम्पन्न गरिन्छ।

व्रतको क्रममा चन्द्रमालाई अर्घ्य अर्पण गरिन्छ भने भगवान गणेशजीलाई तिल (तिलकुटा) बाट बनेका लड्डु, मिठाई, गुड, चामल तथा फलफूल अर्पण गर्ने चलन रहेको छ। यस पावन पर्वको माध्यमबाट सामाजिक सद्भाव, सहिष्णुता, ऐक्यबद्धता र सामाञ्जस्य कायम गर्न आयोग हार्दिक अपिल गर्दछ ।

..................

मा.जीवछ साह

कार्यवाहक अध्यक्ष



**Email: madheshicommission@gmail.com**
**Website: www.madheshicommission.gov.np**